# विशेष साधारण सभा २०७६ को प्रतिवेदन

## एनएमबि बैंक लिमिटेड

एनएमबि भवन, बबरमहल काठमाडौं ।

# प्रतिनिधि (प्रोक्सी) फारम

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

श्री सञ्चालक समिति,
एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं ।

मितिः ...............................................

**विषयः प्रतिनिधि नियुक्ति गरिएको बारे ।**

**महाशय,**

... ... ... ... ... जिल्ला ... ... ... ... ... ... .न.पा./गा.पा. वडा नं. ......बस्ने म/हामी ... . ... ... ...... ... .. ... ... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्वत् २०७६ साल श्रावण महिना २८ गते मंगलबारका दिन हुने विशेष साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा/हाम्रो तर्फबाट भाग लिन/मतदान गर्नका लागि ... ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... ... ... न.पा/ गा.पा. वडा नं. ... बस्ने श्री ... ... ... ... ... ... ... ... .... ... ... ... ... ... ... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिकोः-**

हस्ताक्षरको नमूनाः

हितग्राही खाता नं.:

शेयरधनी परिचय/

**निवेदक,**

दस्तखत :

नाम थरः

ठेगाना :

शेयरधनी परिचय/हितग्राही खाता नं. :

शेयर संख्या :

द्रष्टब्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

---

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

**विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको**

**प्रवेश-पत्र**

शेयरधनीको नामः ............................................................ कूल शेयर संख्याः ..............................

शेयरधनी परिचय/हितग्राही खाता (BOID) नं.: ................................ शेयरधनीको सहीः ..............................



..............................

कम्पनी सचिव

(द्रष्टव्यः प्रतिनिधिले सभामा भाग लिन आउँदा यो प्रवेश पत्र साथै लिई आई दिनुहुन अनुरोध गर्दछौं ।)

# एनएमबि बैंक लिमिटेडको विशेष साधारण सभासम्बन्धी सूचना

यस बैंकको मिति २०७६/०४/०९ गते बसेको सञ्चालक समितिको ३८७औं बैठकको निर्णयानुसार बैंकको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दै कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**१. विशेष साधारण सभा बस्ने मिति, समय र स्थानः**

मितिः २०७६ साल श्रावण महिना २८ गते, मंगलबार (तद्नुसार १३ अगष्ट २०१९)

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) को हल, जावलाखेल, ललितपुर

समयः बिहान १०:३० बजे

**२. छलफलका विषयहरूः**

**(क) विशेष प्रस्तावहरू :**

१. एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा भएका संझौता तथा निर्णयहरूलाई अनुमोदन गर्ने र एक आपसमा गाभ्न/गाभिनका लागि अन्तिम स्वीकृति प्रदान गर्ने,

२. गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट प्राप्त गाभ्ने/गाभिने संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) लाई स्वीकृति प्रदान गर्ने,

३. गाभ्ने/गाभिने प्रयोजनको लागि दुबै संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त मर्जर समितिबाट नियुक्त लेखापरीक्षक श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने,

४. गाभ्ने/गाभिने कार्य सम्पन्न भए पश्चात बैंकको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६(क), ६ (ख) र ६(ग) संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

५. बैंकको प्रवन्धपत्रको दफा ५ को कक (५) पछि (६) थप गरि "सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफैले वा सहायक कम्पनी मार्फत शेयर दलाल (Stock Broker) को कार्य गर्ने" व्यवस्था गर्ने ।

६. बैंकको नियमावलीको नियम ३० (संचालकको कार्यकाल) मा संशोधन गर्ने ।

७. बैंकको प्रबन्धपत्रमा तथा नियमावलीमा संशोधन गर्ने तथा संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन, प्रस्तावित संशोधन बाहेक मर्जर प्रयोजनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा अन्य संशोधन आवश्यक भएमा आगामी साधारण सभाबाट अनुमोदन गर्ने गरी संशोधन गरी अभिलेखिकरण गराउन तथा यस विशेष साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नु पर्ने सम्पूर्ण कार्यहरू गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ख) विविध ।**

**आज्ञाले,**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धमा थप जानकारीहरू :**

(१) यस बैंक र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०७६/०२/०३ गते देखि नै शेयर कारोवार रोक्का रहेको हुँदा विशेष साधारण सभाको बुक क्लोज कार्यका लागि उक्त मिति भन्दा अगावै कारोवार भएका शेयर मिति २०७६/०४/२० सम्ममा यस बैंकको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड मार्फत नामसारी/दाखिल खारेज भई कायम भएका शेयरधनीहरूले सभामा भाग लिन सक्नुहुनेछ ।

(२) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला रहने छ । सभामा भाग लिन इच्छुक शेयरधनीहरूले शेयरको प्रमाणपत्र/हितग्राही खाताको प्रमाण र आफ्नो परिचय खुल्ने फोटो सहितको परिचयपत्र वा सोको प्रतिलिपि साथमा लिई आउनु हुन अनुरोध छ ।

(३) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरू हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

(४) प्रतिनिधि मुकरर गर्दा बैंकको शेयरधनीलाई नै गर्नु पर्नेछ । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्ध भएको मानिनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्नेछ ।

(५) नावालक वा बिक्षिप्त शेयरधनीहरूको हकमा बैंकको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिलेमात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीलेमात्र साधारण सभामा भाग लिन पाउने छन् ।

(६) शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

(७) कुनै शेयरधनी महानुभावहरूलाई बैंकको सम्बन्धमा कुनै जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

(८) सभामा भाग लिन आउनु हुने शेयरधनीहरूले सभासंग सम्बन्धित कागजातहरू बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ ।

द्रष्टब्य : संचालक समितिको तर्फबाट प्रस्तुत हुने गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रतिवेदनका साथै सभासम्बन्धी सम्पूर्ण विवरणहरू बैंकको वेबसाइट www.nmbbanknepal.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने ब्यहोरा जानकारी गराउँदछौ ।

# एनएमबि बैंक लिमिटेडको विशेष साधारण सभा २०७६ मा संचालक समितिको गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस एनएमबि बैंक लिमिटेडको विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरू, विभिन्न नियमनकारी निकायहरूबाट पाल्नुभएका प्रतिनिधिज्यूहरू, संस्थागत रूपमा यस सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिज्यूहरू, पत्रकार तथा आमन्त्रित अतिथिज्यूहरू, बैंक व्यवस्थापन तथा कर्मचारीहरू लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

एनएमबि बैंक लिमिटेडमा ओम डेभलपमेन्ट बैंक लिमिटेड गाभिने सम्बन्धी महत्वपूर्ण प्रस्ताव लिएर यहाँहरू समक्ष उपस्थित भएका छौं ।

मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, मुलुकको बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि निक्षेपकर्ता तथा लगानीकर्ताको हित संरक्षण गर्न, बैंकको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गरी आधुनिक बैंकिङ्ग सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने तुल्याउन तथा बैंकको पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने उद्देश्यका साथ मर्जर पश्चात हुने सुदृढ पूंजीगत आधारका साथै जोखिम वहन गर्न सक्ने क्षमता अभिवृद्धिका लागि एक सवल र सक्षम संस्थाको रूपमा स्थापित भई ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्ने मुल उद्देश्य लिई मिति २०७५ श्रावण ३१ गते बसेको बैंकको २२ औं वार्षिक साधारण सभाले संचालक समितिलाई उपयुक्त बैंक वा वित्तीय संस्थाहरूसंग एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अगाडि बढाउनकालागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरे बमोजिम यस बैंकले बजारको पहुँचलाई बढाउन र पूँजीको आधारलाई बृद्धि गर्नका लागि प्रदेश नं. ३ र ४ मा विशेष उपस्थिति रहको राष्ट्रिय स्तरमा सफल बिकास बैंकको रूपमा परिचित ओम डेभलपमेन्ट बैंक लि. सँग गाभ्ने/गाभिने कार्यका लागि मिति २०७६/०२/०२ मा समझदारीपत्रमा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकबाट मिति २०७६/०३/०८ मा गाभ्न गाभिन सैद्धान्तिक सहमति प्राप्त भएको छ । साथै, मिति २०७६/०३/२४ मा गाभ्ने गाभिने कार्यका लागि अन्तिम संझौता पत्रमा हस्ताक्षर भएकाले गाभ्न गाभिन यहाँहरूको स्वीकृतिका लागि पेश गरेका छौं । यस मर्जरबाट बैंकको समग्र विकासमा टेवा पुग्नेछ र भविष्यमा नेपालकै अग्रणी बैंकहरूको सूचीमा यस बैंक पनि पुग्नेछ भन्ने विश्वास लिएका छौं ।

१. **मर्जर समितिको गठनः** एनएमबि बैंक लिमिटेडमा ओम डेभलपमेन्ट बैंक लिमिटेड गाभिने कार्य सम्पन्न गर्नका लागि देहाय बमोजिमको एक संयूक्त मर्जर समितिको गठन गरिएको छ ।

(१) श्री प्रदिप राज पाण्डे – संयूक्त मर्जर समितिको संयोजक (एनएमबि बैंक लि. को तर्फबाट)

(२) श्री राजेन्द्र काफ्ले – सदस्य (एनएमबि बैंक लि. को तर्फबाट)

(३) श्री योगेन्द्रलाल प्रधान – सदस्य (ओम डेभलपमेन्ट बैंक लि. को तर्फबाट)

(४) श्री राजेन्द्र बाटाजु – सदस्य (ओम डेभलपमेन्ट बैंक लि. को तर्फबाट)

(५) श्री विजय मल्ल – सदस्य (ओम डेभलपमेन्ट बैंक लि. को तर्फबाट)

## २. सम्पत्ति तथा दायित्वको मुल्यांकनः

एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने कार्यका लागि श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टसलाई सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ता नियुक्त गरी निजबाट मिति २०७६ साल चैत्र मसान्तसम्मको Due Diligence Audit (DDA) को प्रतिवेदन मिति २०७६।०३।२३ मा प्राप्त भएको छ ।

## ३. गाभ्ने/गाभिने सम्बन्धमा बैंकहरू बीचमा भएको सम्झौतापत्र तथा सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit) को मुख्य पक्षहरू देहाय बमोजिम रहेका छन् ।

### (क) गाभ्ने वा गाभिने बैंकको नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्र, गाभिएपछि रहने नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्रः

(१) गाभ्ने वा गाभिने बैंकको नाम ठेगाना, इजाजतपत्रको वर्ग र कार्य क्षेत्र देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | बैंकको नाम | ठेगाना | वर्ग | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | एनएमबि बैंक लिमिटेड | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११, एनएमबि भवन, बबरमहल काठमाण्डौं | "क" वर्ग | राष्ट्रिय स्तर | गाभ्ने संस्था |
| २. | ओम डेभलपमेन्ट बैंक लि. | कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं ४, चिप्लेढुंगा, पोखरा | "ख" वर्ग | राष्ट्रिय स्तर | गाभिने संस्था |

(२) एक आपसमा गाभिएपछि देहाय बमोजिमको नाम, ठेगाना वर्ग र कार्यक्षेत्र रहने छ ।

| क्र.सं. | बैंकको नाम | ठेगाना | वर्ग | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | एनएमबि बैंक लिमिटेड | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नम्बर ११, एनएमबि भवन, बबरमहल काठमाण्डौं | "क" वर्ग | राष्ट्रिय स्तर | गाभ्ने संस्था |

### (ख) गाभ्नु/गाभिनुको आवश्यकता र औचित्य :

गाभ्ने तथा गाभिने कार्यको आवश्यकता र औचित्यता बुँदागत रूपमा देहाय बमोजिम रहेको छ ।

(१) जोखिम वहन गर्न सक्ने क्षमता अभिवृद्धिका लागि एक सवल र सक्षम संस्थाको रूपमा स्थापित भई ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्न ।

(२) बैंकिङ्ग प्रणालीलाई थप सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई बैंकिङ्ग क्षेत्रको स्थायित्वको लागि निक्षेपकर्ताको हित संरक्षण गर्न ।

(३) पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न ।

(४) बैंकिङ्ग, मानव संशाधन, प्राविधिक तथा अन्य समग्र क्षमता अभिबृद्धि गरी सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सुविधा प्रदान गर्ने क्षमतामा थप विस्तार गर्न ।

(५) लगानीकर्ताहरूको हित संरक्षण गर्न ।

(६) देशव्यापी रूपमा शाखाहरूको संजाल विस्तार गरी वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिबृद्धि गर्न ।

(७) मुलुकको समग्र बैंकिङ्ग प्रणालीको संबर्द्धन गर्न मद्दत गरी सो प्रति सर्वसाधारणको विश्वसनियतामा थप अभिबृद्धि गर्न ।

## (ग) गाभ्नु वा गाभिनुले बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असरः

एनएमबि बैंक लि. र ओम डेभलपमेन्ट बैंक लि. एक आपसमा गाभिए पछि बैंक तथा वित्तीय संस्थाको संख्यामा कमी भई खर्चमा कटौती, पर्याप्त पूँजीगत आधार, सर्वसाधारणको बैंकिङ्ग सेवामा पहुँच अभिबृद्धि, बैंकको सर्वसाधरणमा रहेको पहुँचमा बृद्धि तथा संस्थागत सुशासन अझै बलियो भई समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको सम्वर्द्धन र सो प्रति सर्वसाधारणको विश्वासनीयतामा समेत अभिबृद्धि भई बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा सकारात्मक प्रभाव पर्नेछ । साथै, देशमा उत्पादनमुलक एवं रोजगारीमुलक भौतिक पूर्वाधारहरूमा लगानी गर्न तथा बैंकको उद्देश्य बमोजिम कृषि, पर्यटन, हाईड्रोपावरहरूमा समेत व्यापक लगानी गर्न सबल र सक्षम बैंक भई देशको समग्र आर्थिक विकास एवं वित्तीय प्रणालीमा महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्नेछ ।

## (घ) लगानी तथा कारोवार, गैर बैंकिङ्ग कारोबार र सम्पत्ति तथा दायित्वको व्यवस्थापनः

गाभ्ने गाभिने कार्य सम्पन्न भए पश्चात हाल कायम एनएमबि बैंक लि. को कर्जा लगानी नीति, लगानी नीति, कर्जा जोखिमसंग सम्बन्धित व्यवस्थाहरू, बैंकका नियमावलीहरू, विनियमहरू, प्रोडक्ट पेपरहरू समेतको आधारमा गाभिए पछिको संस्थाको लगानी तथा कारोवार, गैर बैंकिङ्ग कारोबार र सम्पत्ति तथा दायित्वको व्यवस्थापन गरिने छ ।

## (ङ) निक्षेपकर्ता सर्वसाधारण शेयरधनी र अन्य साहुहरूको हक हित संरक्षणः

(१) **निक्षेपकर्ताहरूको हक हित संरक्षणः** बैंकले निक्षेपकर्ताहरूको निक्षेपको सुरक्षा तथा हक हित संरक्षणको लागि सदैव प्राथमिकताका साथ उचित व्यवस्था गर्दै आएकोमा गाभिएपछि पूँजीगत आधार सुदृढ भई बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वका लागि निक्षेपकर्ताको हक हित संरक्षण गर्न बैंक प्रतिबद्ध छ । गाभिए पछि अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ निक्षेपकर्ताहरूको निक्षेपको सुरक्षा, हक हित संरक्षण गर्न नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही निक्षेप बीमा गर्ने, सर्वसाधारणको बचत निक्षेपको अंशलाई बैंकमा स्थायी लगानीको श्रोतको रूपमा अवलम्वन गर्ने र संस्थागत निक्षेपहरूलाई यस्ता बचतहरूले क्रमशः प्रतिस्थापन गर्दै लाने भावी नीति बैंकको रहनेछ ।

(२) **सर्वसाधारण शेयरधनी र अन्य साहुहरूको हक हित संरक्षणः** गाभ्ने/गाभिने कार्य सम्पन्न भएपछि बैंकले वित्तीय, मानव संसाधन, सूचना प्रविधि एवं प्राविधिक क्षमतामा थप अभिबृद्धि गरी लगानीकर्ता एवं सर्वसाधारण शेयरधनीहरूलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरूको हक हित संरक्षण गर्न अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ कार्य गरिने छ । गाभ्ने गाभिने कार्य सम्पन्न भए पश्चात बैंकको देशभर शाखा सञ्जालको विस्तार हुन गई सर्वसाधारणमा थप पहुँच समेत अभिबृद्धि हुनेछ । जसबाट बैंकको व्यवसायमा विस्तार हुनगई मुनाफामा समेत बृद्धि हुने हुँदा सर्वसाधारण सेयर धनीहरूलाई यसबाट प्रत्यक्ष फाईदा पुग्नेछ । साथै, बैंकको व्यवसाय, नाफा पुँजीगत आधारमा समेत बृद्धि हुने भएकाले गाभ्ने गाभिने संस्थाका ऋणदाता साहूहरूको हक हित सुरक्षित हुनेछ ।

## च) वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोवारको व्यवस्थापनः

दुवै संस्थाको सहभागितामा गठित संयुक्त मर्जर समितिले नियुक्त गरेको सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताले उपलब्ध गराएको प्रतिवेदन (Due Diligence Audit Report) का आधारमा गाभ्ने गाभिने संस्थाहरूको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार निम्नानुसार हुने कुरामा पूर्ण रूपमा सहमत भएका छौं ।

| प्रमुख वित्तीय परिसूचक Due Diligence Audit - DDA प्रतिवेदनमा उल्लेख भए बमोजिम (रकम रू. हजारमा) | | |
|---|---|---|
| **प्रमुख वित्तीय परिसूचक** | **एनएमबि बैंक लिमिटेड** | **ओम डेभलपमेन्ट बैंक लिमिटेड** |
| कुल शेयर संख्या (कित्ता) | ९,६१,८१,६२७ | २,५१,५२,३५६ |
| • संस्थापक | ४,९०,५२,६३० | १,२८,२७,७०२ |
| • सर्बसाधारण | ४,७१,२८,९९७ | १,२३,२४,६५४ |
| प्राथमिक पूँजी (चैत्र मसान्त २०७६) | १,५८,९६,३३१ | ३५,८८,४०१ |
| पूँजीकोष (चैत्र मसान्त २०७६) | १,८७,५३,३९६ | ३८,६३,६९५ |
| **पूँजी पर्याप्तता अनुपातः** | | |
| प्राथमिक पूँजी प्रतिशत (%) | १३.०७% | १३.७६% |
| पूँजीकोष प्रतिशत (%) | १५.४२% | १४.८१% |
| जोखिम भारित सम्पति | १२,१६,५६,१३१ | २,६०,८४,७०७ |
| नेटवर्थ (जम्मा रकममा) | १,६७,५६,४३६ | ३६,६६,४३७ |
| नेटवर्थ प्रति शेयर | १७४.२२ | १४५.७७ |
| कुल कर्जा | ९,०७,४३,३४१ | २,२४,९५,१२२ |
| कुल निक्षेप | ९,४३,७४,३६३ | २,४७,९८,९९९ |
| निष्कृय कर्जा | ७,१४,१६६ | २,१४,६७१ |
| निष्कृय कर्जा अनुपात | ०.७९% | ०.९५% |
| **कर्जा बर्गीकरणः** | | |
| १ असल | ९,००,२९,१७५ | २,२२,८०,४५१ |
| २ पुनरसंरचना वा पुनरतालिकीकरण | ९८,०४६ | |
| ३ कमसल | ३,१८,३९९ | १,५७,५८० |
| ४ शंकास्पद | ९६,८४४ | ३१,३४१ |
| ५ खराब | २,००,८७७ | २५,७५० |
| कर्जा नोक्सानी ब्यवस्थाको पर्याप्तता | १९१.४५% | १६४.७०% |
| तरलता बिबरण (CRR) | ४.३३% | ४.०८% |
| **शेयर आदान प्रदान अनुपात** | | ०.७६ |
| **व्यवसायको बजार अंश (एनएमबिको हकमा "क" वर्गको र ओमको हकमा "ख" वर्गको आधारमा)** | | |
| कर्जा | ३.७४% | ८.६०% |
| निक्षेप | ३.५७% | ८.४३% |
| खूद नाफा | ३.६२% | ८.९४% |

गाभ्ने गाभिने संस्थाहरूको १८० दिनको औसत प्रति शेयर बजार मूल्य देहाय बमोजिम रहेको छ ।

| विवरण | एनएमबि बैंक | ओम डेभलपमेन्ट बैंक |
|---|---|---|
| साधारण शेयर | ३५८.५१ | १९२.९५ |
| संस्थापक शेयर | २११ | १९३.४५ |

## (छ) सम्पत्तिको मुल्यांकन, सम्पत्ति दायित्वको मिलान पद्धतिः

गाभ्ने तथा गाभिने संस्थाको सहभागितामा गठित संयूक्त मर्जर समितिबाट नियुक्त सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताबाट गराईएको सम्पत्ति तथा दायित्वको मुल्यांकन अनुसार दुबैं संस्थाहरूको समायोजित खूद सम्पत्ति (Adjusted Net Worth) को आधारमा शेयर आदान प्रदान अनुपात देहाय बमोजिम देखिन आएको छ ।

(१) प्रति शेयर समायोजित खुद सम्पत्तिः

| विवरण (रकम रू. हजारमा) | एनएमबि बैंक लि. | ओम डेभलपमेन्ट बैंक लि. |
|---|---|---|
| समायोजित खुद सम्पत्ति (Adjusted Base Net Worth) | २,८२,१३,०२८.२५ | ५४,५२,७६०.३१ |
| शेयर संख्या (No. of Shares) | ९,६१,८१,६२७ | २,५१,५२,३५६ |
| प्रति शेयर समायोजित खुद सम्पत्ति (Adjusted Base Net Worth Per Share) | २९३.३३ | २१६.७९ |

(२) सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताको प्रतिवेदनमा सिफारिस भएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) दुवै संस्थाको समायोजित खुद सम्पत्तिको आधारमा तयार गरिएको हुँदा ओम डेभलपमेन्ट बैंकको १ कित्ता शेयर बराबर एनएमबि बैंकको ०.७३९ कित्ता हुन आएकोमा व्यवसायिक अवसरहरू, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता तथा कार्य कुशलता, एनएमबिको मर्ज पछि हुने बजार उपस्थिति, मुनाफाको इतिहास, पछिल्लो बजार मुल्य तथा इजाजतपत्रको वर्ग समेतका आधारमा नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ९ को उपविनियम (क) बमोजिम मुल्यांकनकर्ताले निर्धारण गरेको ओम डेभलपमेन्ट बैंक लि. को खुद सम्पत्तिको ४.४२ प्रतिशतले आधार नेटवर्थमा थप गरी देहाय बमोजिम आधार नेटवर्थ (Base Net Worth) पुर्नगणना गरिएको छ ।

| विवरण | एनएमबि बैंक लि. | ओम डेभलपमेन्ट बैंक लि. |
|---|---|---|
| समायोजित खुद सम्पत्ति (Adjusted Based Net Worth) | १,२७,९९,६६६.१४ | २६,२५,८११.६३ |
| व्यवसायिक मुल्यांकन (Business Valuation) | १,४०,५१,०४५.९९ | २५,८३,९८३.२१ |
| १८० दिनको औसत कारोबार मूल्य (Last 180 days' Market Capitatlization) | १३,६२,३१६.२७ | २,४२,९६५.४७ |
| डिडिए प्रतिवेदन बमोजिम आधार नेटवर्थ (Base Net Worth) | २,८२,१३,०२८.३९ | ५४,५२,७६०.३१ |
| ओम डेभलपमेन्ट बैंक लि. मा ४.४२ प्रतिशत थप गरी पुर्नगणना गरे पश्चातको समायोजित आधार नेटवर्थ (Revised Base Net Worth) | | ५६,०७,५०८.१४ |
| शेयर संख्या (No. of Shares) | ९,६१,८१,६२७ | २,५१,५२,३५६ |
| प्रतिशेयर समायोजित खुद सम्पत्ति (Revised Base Net Worth Per Share) | २९३.३३ | २२२.९४ |
| गणना पछि हुन आउने शेयर आदान प्रदान अनुपात (Weight to Determine Swap Ratio) | १००.०० | ७६.०० |

(३) माथि (१) र (२) मा उल्लेख गरे बमोजिम कायम हुन आएको समायोजित आधार नेटवर्थ (Revised Base Net Worth) को आधारमा ओम डेभलपमेन्ट बैंकका शेयरधनीहरूलाई ओम डेभलपमेन्ट बैंकको प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लिमिटेडको ७६ कित्ता शेयर प्रदान गर्ने गरि सहमति भएको छ ।

## (ज) गाभ्न तथा गाभिन लाग्ने अनुमानित समयावधिः

दुबै संस्थाहरू एक आपसमा पूर्ण रूपमा गाभिई कारोबार संचालन गर्न अन्तिम सम्झौता भएको मितिले बढिमा २ महिना समयावधि लाग्ने अनुमान गरिएको छ ।

## (झ) गाभिए पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचनाः

**(१) गाभिनु अधिको पूँजी तथा शेयर स्वामित्वको संरचनाः**

**पूँजी संरचनाः**

| विवरण | एनएमबि बैंक लिमिटेड | ओम डेभलपमेन्ट बैंक लिमिटेड |
|---|---|---|
| अधिकृत पुँजी (रू.) | १०,००,००,००,००० | ३,००,००,००,००० |
| जारी पुँजी (रू.) | ९,६१,८१,६२,६५१/९६ | २,५१,५२,३५,६०० |
| चुक्ता पुँजी (रू.) | ९,६१,८१,६२,६५१/९६ | २,५१,५२,३५,६०० |

**शेयर स्वामित्व संरचनाः**

| समूह | एनएमबि बैंक लिमिटेड | स्वामित्व प्रतिशत | ओम डेभलपमेन्ट बैंक लिमिटेड | स्वामित्व प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक | ४,९०,५२,६२,९५३ | ५१ | १,२८,२७,७०,१५६ | ५१ |
| सर्वसाधारण | ४,७१,२८,९९,६९९ | ४९ | १,२३,२४,६५,४४४ | ४९ |
| **जम्मा** | ९,६१,८१,६२,६५२ | १०० | २,५१,५२,३५,६०० | १०० |

**(२) गाभिंदाको अवस्थामा पूँजी तथा शेयर स्वामित्वको संरचना मिलान** (Swap Ratio100 : 76)

| समूह | एनएमबि बैंक लिमिटेड | स्वामित्व प्रतिशत | ओम डेभलपमेन्ट बैंक लिमिटेड | स्वामित्व प्रतिशत | मर्ज पछि बन्ने बैंक | स्वामित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| संस्थापक | ४,९०,५२,६२,९५३ | ५१ | १,२८,२७,७०,१५६ | ५१ | ५,८८,०१,६८,२७१ | ५१ |
| सर्वसाधारण | ४,७१,२८,९९,६९९ | ४९ | १,२३,२४,६५,४४४ | ४९ | ५,६४,९५,७३,४३६ | ४९ |
| **जम्मा** | ९,६१,८१,६२,६५२ | १०० | २,५१,५२,३५,६०० | १०० | ११,५२,९७,४१,७०७ | १०० |

**(३) गाभिए पछिको बैंकको पूँजी संरचना**

| विवरण | एनएमबि बैंक लिमिटेड |
|---|---|
| अधिकृत पुँजी (रू.) | १६,००,००,००,०००/- |
| जारी पुँजी (रू.) | ११,५२,९७,४१,७०७/९६ |
| चुक्ता पुँजी (रू.) | ११,५२,९७,४१,७०७/९६ |

### (ञ) संचालक समिति सम्बन्धी व्यवस्थाः

दुबै बैंकहरू एक आपसमा गाभिएपछि बन्ने संचालक समितिको सम्बन्धमा एनएमबि बैंक र ओम डेभलपमेन्ट बैंक बीच सम्पन्न मिति २०७६/०२/०२ को समझदारीपत्र तथा मिति २०७६।०३।२४ मा भएको अन्तिम सम्झौता बमोजिम एकीकृत वार्षिक साधारण सभा सम्पन्न नभएसम्मका लागि हाल एनएमबि बैंकमा कायम संचालकहरूले निरन्तरता प्राप्त गर्नेछन् ।

### (ट) संस्थापक समुहको पुर्नसंरचनाः

दुबै संस्था एक आपसमा गाभिएपछि एनएमबि बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संस्थापक समुहमा कुनै समुहिकरण (Grouping) हुने छैन् । गाभिने संस्थाका संस्थापकहरू एनएमबि बैंकको संस्थापकको रूपमा रहने छन् ।

### (ठ) जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः

यस सम्बन्धमा गाभ्ने गाभिने संस्थाहरूका बीच सम्पन्न प्रारम्भिक सहमति बमोजिम मिति २०७५।०२।०५ र २०७५।०२।२४ को संयूक्त मर्जर समितिको बैंठकबाट भएको निर्णय बमोजिम हुनेछ ।

### (ड) शेयर आदान प्रदान अनुपातः

ओम डेभलपमेन्ट बैंकका शेयरधनीहरूले ओम डेभलपमेन्ट बैंकको प्रत्येक १०० कित्ता बराबर एनएमबि बैंकको ७६ कित्ता शेयर प्राप्त गर्ने गरि शेयर मुल्य अनुपात (Share Swap Ratio) कायम गरिएको छ ।

### (ढ) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धताः

गाभ्ने/गाभिने कार्य सम्पन्न भएपछि बैंकले दिई आएको बैंकिङ्ग सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने बनाउन आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी व्यवस्थित सूचना प्रणालीको विकास गरी संस्थाको सेवा तथा सुबिधामा गुणात्मक सुधार ल्याईनेछ । बैंकको व्यवसाय प्रबर्द्धनका लागि देशका वित्तीय पहुँच नपुगेका क्षेत्रहरू पहिचान गरी शाखा सञ्जाल मार्फत सेवा विस्तार गरिनेछ । सुरक्षित लगानीका क्षेत्रहरू पहिचान गरी लगानीलाई पूर्ण सुरक्षित गरिनेछ । दुवै संस्थाहरू एक आपसमा गाभिएपछि बन्ने राष्ट्रिय स्तरको "क" वर्गको एनएमबि बैंक लिमिटेडको सेवालाई गुणस्तरीय बनाउँदै आजको प्रतिस्पर्धात्मक बैंकिङ्ग बजारमा राष्ट्रिय स्तरको बैंकलाई आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गर्न बैंकको संचालक समिति तथा व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

### (ण) संस्थागत पुनरसंरचना, एक आपसमा शाखा तथा कार्यालयहरूको मिलान तथा संचालन व्यवस्थाः

गाभिने संस्थाहरूको केन्द्रीय कार्यालय तथा गाभ्ने गाभिने संस्थाहरूको शाखा कार्यालयहरूलाई देहाय बमोजिम मिलान तथा संचालन गरिनेछः

(१) गाभिने संस्था ओम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालयलाई शाखा कार्यालयमा परिणत गरी कारोवार संचालन गरिनेछ ।

(२) गाभ्ने गाभिने संस्थाहरूको एकै स्थानमा रहेका देहायका शाखा कार्यालयहरूको भौतिक अवस्थिति र व्यवसायको अवसरहरू समेतका आधारमा जुन बैंकको हालको शाखा स्थानान्तरण गर्न उचित देखिन्छ, सोही बैंकको शाखालाई अन्य उपयूक्त स्थानमा स्थानान्तरण गरी संचालन गरिनेछ ।

| सि.नं. | शाखा कार्यालय | जिल्ला | सि.नं. | शाखा कार्यालय | जिल्ला |
|---|---|---|---|---|---|
| १. | कुमारीपाटी शाखा | ललितपुर | ७. | नारायणघाट शाखा | चितवन |
| २. | कलंकी शाखा | काठमाडौं | ८. | कावासोती शाखा | नवलपुर |
| ३. | न्यूरोड शाखा | काठमाडौं | ९. | भैरहवा शाखा | रूपन्देही |
| ४. | दमौली शाखा | तनहुँ | १०. | मनिग्राम शाखा | रूपन्देही |
| ५. | बुटवल शाखा | रूपन्देही | ११. | हेटौंडा शाखा | मकवानपुर |
| ६. | गोरखा शाखा | गोरखा | १२. | न्यूरोड शाखा | पोखरा, कास्की |

माथि उल्लेख भए बमोजिम स्थानान्तरण हुने शाखा बाहेकका अन्य शाखाहरू स्थानान्तरण गर्नु परेमा तथा माथि उल्लेखित स्थानान्तरण गर्ने स्थानहरू परिवर्तन गर्न आवश्यक भएमा गाभिए पछिको संस्थाले आवश्यक निर्णय लिई शाखाहरू स्थानान्तरणको लागि नेपाल राष्ट्र बैंकबाट आवश्यक स्वीकृती लिई स्थानान्तरण गरिने छ ।

## ४. प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधन/थपको तीन महले विवरणः

| दफा/ उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको औचित्य |
|---|---|---|---|
| **प्रवन्धपत्रतर्फः** | | | |
| दफा ५ (कक) (६) | हाल नभएको | सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफैले वा सहायक कम्पनी मार्फत शेयर दलाल (Stock Broker) को कार्य गर्ने । | शेयर दलाल (Stock Broker) को कार्य गर्न प्रवन्धपत्रमा उल्लेखित व्यवस्था थप गरिएको । |
| दफा ६ (क) | बैंकको अधिकृत पूँजी रू.१०,००,००,००,०००।- (अक्षेरेपि दश अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू.१००।- दरका १०,००,००,०००।- (दश करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको अधिकृत पूँजी रू. १६,००,००,००,०००।- (अक्षेरेपि सोह्र अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू.१००।- दरका १६,००,००,०००।- (सोह्र करोड) थान शेयरमा विभाजन गरिएको छ । | बैंकको चुक्ता तथा जारी पूँजीमा बृद्धि हुने भएकाले । |
| दफा ६ (ख) | बैंकको जारी पूँजी रू. ९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू.१००।- दरका ९,६१,८१,६२६.५१ (अक्षेरेपी नौ करोड एकसट्ठी लाख एकासी हजार छ सय छब्बीस दशमलव एकाउन्न) थान शेयरमा विभाजन गरिएको छ । | बैंकको जारी पूँजी रू. ११,५२,९७,४१,७०७।९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू.१००।- दरका ११,५२,९७,४१७.०७ (अक्षेरेपी एघार करोड बाउन्न लाख सन्तानब्बे हजार चार सय सत्र दशमलव शुन्य सात) थान शेयरमा विभाजन गरिएको छ । | एनएमबि बैंक लिमिटेडमा ओम डेभलपमेन्ट बैंक लिमिटेड गाभिएका कारण जारी पूँजी बृद्धि हुने भएकाले । |
| दफा ६ (ग) | बैंकको चुक्ता पूँजी रू. ९,६१,८१,६२,६५१/९६ (अक्षेरेपि नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) हुनेछ । | बैंकको चुक्ता पूँजी रू. ११,५२,९७,४१,७०७।९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) हुनेछ । | एनएमबि बैंक लिमिटेडमा ओम डेभलपमेन्ट बैंक लिमिटेड गाभिए पछि चुक्ता पूँजी बृद्धि हुने भएकाले । |

| नियमावलीतर्फः | | | |
|---|---|---|---|
| नियम ३० | संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने : एक पटक संचालक भइसकेको व्यक्ति पुनः संचालकमा नियुक्त हुन सक्नेछ । बैंकका अध्यक्ष तथा संचालक लगातार दुई पटक भन्दा बढि उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन् । | संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने : एक पटक संचालक भइसकेको व्यक्ति पुनः संचालकमा नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर, कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ बमोजिम हुने गरि नियमावलीलाई संशोधन गरिएको । |

## आदरणीय शेयरधनी महानुभावहरू,

गाभ्ने गाभिने कार्य सम्पन्न भए पश्चात एक सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम संस्थाको रूपमा एनएमबि बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताको हितको संरक्षण गर्न सक्षम हुने तथा बैंकको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमतामा अभिवृद्धि भई आधुनिक बैंकिङ्ग सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न बैंक सक्षम हुने कुरामा बैंकको संचालक समिति तथा व्यवस्थापन पूर्ण विस्वस्त रहेको हुँदा देहाय बमोजिमको विशेष प्रस्तावहरूलाई पारित गरि दिनुहुन हार्दिक अनुरोध छ ।

**(क) विशेष प्रस्तावहरूः**

१. एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेड र ओम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा भएका संझौता तथा निर्णयहरूलाई अनुमोदन गर्ने र एक आपसमा गाभ्न/गाभिनका लागि अन्तिम स्वीकृति प्रदान गरिदिनुहुन अनुरोध छ ।

२. गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स्बाट प्राप्त गाभ्ने/गाभिने संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) लाई स्वीकृति प्रदान गरिदिनुहुन अनुरोध छ ।

३. गाभ्ने/गाभिने प्रयोजनको लागि दुबै संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त मर्जर समितिबाट नियुक्त लेखापरीक्षक श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स्को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गरिदिनुहुन अनुरोध छ ।

४. गाभ्ने/गाभिने कार्य सम्पन्न भए पश्चात बैंकको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा बैंकको प्रवन्धपत्रको दफा ६(क), ६(ख) र ६(ग) संशोधन गर्नुपर्ने भएकाले सोही बमोजिम संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गरिदिनुहुन अनुरोध छ ।

५. बैंकको प्रवन्धपत्रको दफा ५ को कक (५) पछि (६) थप गरि "सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफैले वा सहायक कम्पनी मार्फत शेयर दलाल (Stock Broker) को कार्य गर्ने" व्यवस्था गर्न स्वीकृति प्रदान गरिदिनुहुन अनुरोध छ ।

६. बैंकको नियमावलीको नियम ३० (संचालकको कार्यकाल – "संचालक पुनः नियूक्त हुन सक्ने वा नसक्ने") मा संशोधन गर्न स्वीकृति प्रदान गरिदिनुहुन अनुरोध छ ।

७. बैंकको प्रबन्धपत्रमा तथा नियमावलीमा संशोधन गर्ने तथा संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन, प्रस्तावित संशोधन बाहेक मर्जर प्रयोजनका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा अन्य संशोधन आवश्यक भएमा आगामी साधारण सभाबाट अनुमोदन गर्ने गरी संशोधन गरी अभिलेखिकरण गराउन तथा यस विशेष साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नु पर्ने सर्म्पूण कार्यहरू गर्न समेत सञ्चालक समितिलाई अख्तियारी गरिदिनुहुन अनुरोध छ ।

**(ख) विविध ।**

**धन्यवाद ।**
**पवन कुमार गोल्याण**
**अध्यक्ष**
**मितिः २०७६/०४/२८**

**NMB BANK**
**एनएमबि बैंक**
समृद्ध नेपालको लागि

**एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं, नेपाल**
फोन: ९७७ १ ४२४६१६०, टोल फ्रि नं.: १६६००१२५२५२
फ्याक्स: ९७७ १ ४२४६१५६
वेब: www.nmb.com.np